# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं ज्येष्ठ १३ गते ०९ साल

## भाग १०

## रक्षामन्त्रालयको विज्ञप्ति

हाम्रो फौजको पुनर्निर्माण गर्नु अत्यन्त आवश्यक थियो जसबाट एक स्वतन्त्र देशको प्रजातन्त्रको फायदा सबैलाई मिली फौजमा पनि उच्च योग्यता हासिल होस, यही उद्देश्यले डिफेन्स कमिटी र क्याबिनेटले सबै कुराको पूर्ण अध्ययन गरी तपसील बमोजिम गर्ने निर्णय गरेको छ।

तपसील

१ पेन्सनः–

(क) हाल पेन्सनको हद अफिसरको २५ वर्ष र सुवेदारदेखि सिपाहीसम्मको २० वर्ष भएकोमा अबलाई अफिसरको २० वर्ष र सुवेदारदेखि सिपाहीसम्मको १५ वर्ष हुनेभयो।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( ख ) तलवको पाँच खण्डको एकखण्ड हाल पेन्सन पाइरहेकोमा अव पेन्सन पाउनेलाई ३ खण्डको १ खण्ड पेन्सन मिल्नेछ ।

२ उमेदको हद:-

( क ) अव उप्रान्त उमेरको हद देहायबमोजिम हुनेछ:—
सिपाही, प्यूठ र नायक ४०, ह. - ४१, जम. - ४३, सु. मे. सु; से. ले. र ले. ४५ . कप. - ४६ मे. क. - ४८. ले. क. ५०. क. ५२ बृ. ५३ मे. ज. ५४, ले. ज. ५५ क. ज. र ज.- ५६. —

( ख)उक्त उमेरको हद लागी रिटायर हुने ले ज. देखि से. ले. सम्मलाई एक एक दर्जा आफ्नो कामको कदरमा श्री ५ महाराजाधिराजबाट प्रमोशन बक्सेको छ। पेन्सनको हकमा प्रमोशन पाएको दर्जाको नभै हाल भइरहेको दर्जाको पाउनु हुनेछ ।

३ दीर्घ सेवा

अव उप्रान्त दीर्घ सेवापद्ध २५ वर्ष अवछिन्न नोकरी भुक्तान भएपछि मिल्नेछ।

४ नियुक्ति

जनरल अफिसरहरूको नियुक्ति क्याविनेटले ठहराई श्री ५ महाराजाधिराजमा सदर गराई सकियो । कर्णेल क. र त्यसदेखि मनीका अफिसरहरूको नियुक्ति सिलेक्शनबोर्ड खडाभई सो वोर्डले डिफेन्स कमिटीमा सिफारिश पेश गरेपछि निर्णय भई ठहरिनेछ ।

५ फौजबाट रिटायर हुने अफिसरहरू

( क ) १५ वर्ष नोकरी भएको तर पेन्सन नपाएकोलाई जति वर्षले पेन्सन पाक्तैन उतिवर्ष पेन्सनमा सालिन्दा सयकडा १० कट्टा गरी मिल्नेछ ।
( ख ) १५ वर्ष नोकरी नपुगेकाहरूले पेन्सनको बदला खाइरहेको तलब वर्ष १ को एकमुष्ठ पाउनु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६ छोड्न नपाउने
फौजमा भर्ना हुँदा जवानले ३ वर्ष पूरा नोकरी नगरी जागीर छाड्न नपाउने भएकोमा अब सो हद १० वर्ष पुग्यो। हाल जागीर भइरहेकाहरूलाई आफ्नो नोकरीको हिसाबले सो हद लगाउन एक पटक राजी विराजी गरिने भएको छ। यो हद लागे तापनि साँच्चकै सन्निसर्पन परेमा राम्ररी बुझी बेहोरा ठीक ठहरे वीचमा नोकरी छोड्न दिइनेछ।

७ १५ वर्षभन्दा कम नोकरी हुने एकैबाजी फिल्ड अफिसर अर्थात् मेजर र त्यस देखि माथिमा भर्ना हुने औ प्रमोशन नपाएका र बाबूको परलोक भएपछि-मात्र प्रमोशन पाएकाहरूले १० वर्ष बढी नोकरी भए मेजरमा र कम भए कप्तानमा बस्नु पर्ने भयो।

८ नोकरीको हद
पुनर्निर्मित फौजमा श्रीकम्याण्डर इन-चीफ लगायत गैह्र अफिसरलाई हरेक दर्जाको नोकरीको हद लाग्नेछ।

९ पल्टनबाट रिटायर हुनेहरूलाई ल्याकत हेरी निजामती पट्टि काम लाउन सरकारले विचार गर्ने भएको छ। उक्त बन्दोवस्तबाट सबै अफिसर जवानलाई कल्याण र भलो हुनेछ भन्ने पूर्णआशा गरिएको छ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

३३८०
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।